**<u>लोक सेवा आयोगबाट लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षासम्बन्धी</u>**
**<u>नेपाल आयल निगम लिमिटेडको सूचना</u>**
(सूचना नंम्वर: ३/२०७५-७६)

यस निगममा रिक्त रहेका देहाय वमोजिमका पदहरु खुला प्रतियोगिताद्वारा छनौट गरी स्थायी रुपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरुवाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिन भित्र र दोब्वर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिन भित्रमा निगमको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ। दरखास्त फाराम निगमको website बाट download गर्नु पर्नेछ। उम्मेदवारले दरखास्त साथ संलग्न व्यक्तिगत विवरण फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी फोटो र फाराम दुवैमा पर्ने गरी दस्तखत गर्नु पर्ने छ। उमेर, शैक्षिक योग्यता, अनुभव, नागरिकता आदिको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति तथा दरखास्त दस्तुर र परीक्षा दस्तुर वापतको रकम रा.वा.वैक स्थित निगमको चल्ती खाता नं १०९००६६२९४०१ मा जम्मा गरेको भौचरको सक्कलै प्रति दरखास्त साथ पेश गर्नु पर्नेछ। कुनै संघ सस्थाका वहालवाला कर्मचारी उम्मेदवार हुन चाहेमा सम्वन्धित कार्यालयको स्विकृती अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। यस निगममा स्थायी रुपमा कार्यरत कर्मचारीले समान तहको पदमा दरखास्त दिन पाउने छैन। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । विज्ञापित पदहरुको लिखित परीक्षा मिति एवं परीक्षा सम्वन्धी अन्य जानकारी पछि गराइने छ । सम्पर्क मिति पछि प्रकाशित गरिने छ । आदिवासी/जनजाती, मधेशी,दलित,अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वसोवास भएका उम्मेदवारहरुले तत् तत् समूह सम्बन्धी कागजातहरुको प्रमाण सम्वन्धित निकायवाट प्राप्त गरी दरखास्त फाराम साथ संलग्न गरी दरखास्त फाराम निगमको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराउनु पर्नेछ।

| सि. नं. | पद/तह | सेवा /समूह/उपसमूह | विज्ञापन नं. | खुला/समावेशी | माग पद सख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | गर्नु पर्ने कामको किसिम | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | निर्देशक/तह १० | - | ४८/२०७५-७६ | खुला | १ | कुनै पनि विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व रहेको कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको। | लिखित तथा अन्तर्वार्ता | व्यवस्थापकीय कार्य | १,२०० ।- |
| २. | प्रवन्धक/तह ८ | अप्राविधिक/प्रशासन | ४९/२०७५-७६ | महिला | १ | सम्वन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासन सम्बन्धी कार्य | १,००० ।- |
| ३. | प्रवन्धक/तह ८ | प्राविधिक/इञ्जि./मेकानिकल | ५०/२०७५-७६ | खुला | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेको। | लिखित तथा अन्तर्वार्ता | इञ्जिनियरिङ्ग सम्वन्धी कार्य | १,००० ।- |
| ४. | प्रवन्धक/तह ८ | प्राविधिक/इञ्जि./सिभिल | ५१/२०७५-७६ | खुला | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेको। | लिखित तथा अन्तर्वार्ता | इञ्जिनियरिङ्ग सम्वन्धी कार्य | १,००० ।- |
| ५. | सहायक प्रवन्धक/तह ६ | अप्राविधिक/प्रशासन | ५२/२०७५-७६ | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासनिक कार्य | १,००० ।- |
| | | | ५३/२०७५-७६ | आ.ज | १ | | | | |
| | | | ५४/२०७५-७६ | अपाङ्ग | १ | | | | |
| ६. | सहायक प्रवन्धक/तह ६ | अप्राविधिक/लेखा | ५५/२०७५-७६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | लेखा सम्बन्धी कार्य | १,००० ।- |
| | | | ५६/२०७५-७६ | आ.ज | १ | | | | |
| ७. | सहायक प्रवन्धक (कम्प्यूटर)/तह ६ | प्राविधिक/विविध | ५७/२०७५-७६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | कम्प्यूटर सम्वन्धी कार्य | १,००० ।- |
| ८. | वरिष्ठ सहायक/तह ५ | अप्राविधिक/प्रशासन | ५८/२०७५-७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासन सम्वन्धी कार्य | ४०० ।- |
| | | | ५९/२०७५-७६ | आ.ज | १ | | | | |
| ९. | वरिष्ठ सहायक/तह ५ | अप्राविधिक/लेखा | ६०/२०७५-७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रविणता प्रमाण पत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | लेखा सम्वन्धी कार्य | ४०० ।- |
| १०. | वरिष्ठ सहायक (इलेक्ट्रिकल)/तह ५ | प्राविधिक/इञ्जिनियरिङ्ग | ६१/२०७५-७६ | आ.ज | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | इलेक्ट्रिक सम्वन्धी कार्य | ४०० ।- |
| ११. | वरिष्ठ सहायक (मेकानिकल)/तह ५ | प्राविधिक/इञ्जिनियरिङ्ग | ६२/२०७५-७६ | खुला | १ | | लिखित तथा अन्तर्वार्ता | मेकानिकल सम्वन्धी कार्य | ४०० ।- |
| | | | ६३/२०७५-७६ | मधेशी | १ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | वरिष्ठ सहायक/तह ५ | प्राविधिक/ल्याव | ६४/२०७५-७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | ल्याव सम्वन्धी कार्य | ४००।- |
| १३. | वरिष्ठ सहायक (कम्प्यूटर)/तह ५ | प्राविधिक/विविध | ६५/२०७५-७६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्यूटर सम्वन्धी (कम्तिमा Basic Office Package and Database) तालीम प्राप्त गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | कम्प्यूटर सम्वन्धी कार्य | ४००।- |
| १४. | सहायक/तह ४ | प्राविधिक/ल्याव | ६६/२०७५-७६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | ल्याव सम्वन्धी कार्य | ३००।- |
| | | | ६७/२०७५-७६ | महिला | १ | | | | |
| १५. | सहायक (इलेक्ट्रिकल मिस्त्री)/तह ४ | प्राविधिक/इञ्जिनियरिङ्ग | ६८/२०७५-७६ | खुला | २ | T-SLC, SLC वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट इलेक्ट्रिकल सम्वन्धी कम्तीमा १ वर्षको तालीम अथवा इलेक्ट्रिकल कामको ३ (तीन) वर्षको अनुभव प्राप्त गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | इलेक्ट्रिकद सम्वन्धी कार्य | ३००।- |
| | | | ६९/२०७५-७६ | महिला | १ | | | | |
| | | | ७०/२०७५-७६ | दलित | १ | | | | |
| १६. | सहायक (कम्प्यूटर)/तह ४ | प्राविधिक/विविध | ७१/२०७५-७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई एस.एल.सी. वा SEE Grade-C वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (SEE Grade-C) वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्यूटर सम्वन्धी (Basic Office Package with database) तालीम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (SEE Grade-C) वा सो सरह उत्तीर्ण गरी नेपाल सरकार Semi Skilled Man Power (Computer Operator) का लागि सञ्चालित कम्तिमा ३ महिनाको कम्प्यूटर तालीम प्राप्त गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | कम्प्यूटर सम्वन्धी कार्य | ३००।- |
| | | | ७२/२०७५-७६ | दलित | १ | | | | |
| १७. | टेक्निसियन/तहविहिन | प्राविधिक/इञ्जिनियरिङ्ग | ७३/२०७५-७६ | खुला | ३ | T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी सम्वन्धित विषयमा ६ महिनाको तालीम वा सम्वन्धित क्षेत्रमा २ (दुई) वर्षको कार्य अनुभव प्राप्त गरेको। | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | मेकानिकल सम्वन्धी कार्य | २००।- |
| | | | ७४/२०७५-७६ | महिला | १ | | | | |
| | | | ७५/२०७५-७६ | मधेशी | १ | | | | |

**नोट :**

१. उपर्युक्त अनुसार सवै तह/पद/सेवा/समूहहरुको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ। उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको हकमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको एवं अधिकृतस्तरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। तर महिला एवं अपाङ्ग उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ। साथै ८ तह र १० तहको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।

२. दरखास्त दिने उम्मेदवारहरुले एउटै पद/तहको लागि १ भन्दा वढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी छैटौं, सातौं र आठौं तहको लागि रु.४००।-, पाँचौ तहको लागि रु.२००।-, चौथो तहको लागि रु.१५०।- र तह विहिन पदको लागि रु. १००।-थप परीक्षा दस्तुर रकम वुझाउनु पर्नेछ।

३. दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

४. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

५. पाठ्यक्रम निगमको website : www.nepaloil.com.np बाट प्राप्त गर्न सकिनेछ।

६. रद्द भएका एवं कैफियत देखिएका दरखास्त फारामको विवरण निगमको website मा राखिनेछ।

७. दरखास्तसाथ SLC देखि न्यूनतम शैक्षिक योग्यतासम्मका प्रमाणित प्रमाणपत्रहरु पेश गर्नु पर्नेछ।

८. प्राविधिक सेवा इञ्जिनियरिङ्ग समूह पदको लागि इञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्र पेश गर्नु पर्नेछ।

९. सबै पदहरुको लिखित परीक्षा लोक सेवा आयोगद्वारा लिइनेछ।

**पदपूर्ति समिति**
**नेपाल आयल निगम लिमिटेड**